# मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
ईटाभट्टा,झापा
१ नं. प्रदेश नेपाल


प. सं. ०७६/०७७
च. नं. ९८९६

मिति :- २०७६/११/३०

**विषय कोरोना भाइरस बारे सचेतना कार्यक्रम सञ्चालन गर्ने बारे ।**

श्री सबै विद्यालयहरु
मेचीनगर नगरपालिका, झापा ।

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६।११।२१ को सूचना अनुसार कोरोना भाइरसको संक्रमण रोकथाम सम्वन्धमा विद्यालय/शिक्षण संस्था, विद्यार्थी, शिक्षक तथा अभिभावकमा अनुरोध सम्बन्धी सूचना संलग्न राखी सूचनामा उल्लेख भए अनुसारका कार्यक्रम आ-आफ्नो विद्यालयहरुमा सञ्चालन गरी यस नगरपालिकालाई समेत जानकारी दिनु हुन निर्देशनानुसार अनुरोध छ ।

होमनाथ भण्डारी
उपसचिव

होमनाथ भण्डारी
उपसचिव

बोधार्थ :
श्रीमान् नगर प्रमुखज्यू, मेचीनगर नगरपालिका, इटाभट्टा झापा ।
श्रीमान् नगर उपप्रमुखज्यू, मेचीनगर नगरपालिका, इटाभट्टा झापा ।
श्री सूचना प्रविधि शाखा, मेचीनगर नगरपालिका - उपरोक्तानुसारको सूचना वेवसाइटमा अपलोड गरीदिनु हुन ।


फोन :- ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, दमकल :- ५६२५०४, फ्याक्स :-५६२४३७,
**Web Site : www.mechinagarmun.gov.np, email :ito.mechinagarmun@gmail.com**

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको
# कोरोना भाइरसको संक्रमण रोकथाम सम्बन्धमा बिद्यालय/शिक्षण संस्था, विद्यार्थी, शिक्षक, तथा अभिभावकमा अनुरोध

१. <u>विद्यालय/शिक्षण संस्थाले संक्रमण फैलने तरिका र त्यसबाट बच्ने सम्वन्धमा देहायका कार्यगरी सचेतना जगाउने कार्यक्रम गर्नेः</u>

- विद्यार्थीहरुलाई हरेक दिन संक्रमणबाट बच्ने उपायहरु वारे वताउने,
- कक्षा शिक्षकले विद्यार्थीहरुलाई हरेक दिन कोरोना भाइरसवारे सूचना तथा जानकारी उपलब्ध गराउने,
- संक्रमणबाट बच्ने उपायहरु सूचनापाटीमा टाँस गर्ने, छलफल गराउने, यसवारे पढ्न र छलफल गर्न विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने,
- कोरोना भाइरस सम्बन्धी आधिकारिक सूचना दिने स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायतका वेबसाइटहरुको ठेगानाबारे जानकारी दिएर सवै विद्यार्थीहरुलाई सूचित हुने अबस्था सिर्जना गर्ने,
- स्थानीय स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुसँग समन्वय गरी सचेतना कार्यकम सञ्चालन गर्ने ।

२. <u>स्वास्थ्यका दृष्टिले सुरक्षित हुन देहायका बानी/व्यवहारहरु अवलम्बन गर्न सुझाव दिनेः</u>

- भीडभाड भएको ठाउँमा सकभर नजाने,
- राम्ररी नपकाइएको माछा, मासु, सागसब्जी एवम् खानेकुराहरु नखाने,
- साबुन पानीले पटक पटक राम्ररी हात धुने,
- खाना खाजा खानुपूर्व अनिवार्य रुपमा साबुन पानीले हात धुने,
- हात नमिलाउने, अङ्कमाल नगर्ने, टाढैबाट नमस्कार गर्ने ।

३. <u>कुनै विद्यार्थीलाई ज्वरो रुघा-खोकी देखिएमाः</u>

- विद्यालय/शिक्षण संस्थामा तत्काल अन्य विद्यार्थीहरुबाट अलग्गै राख्ने,
- शिघ्र अभिभावकलाई सम्पर्क गरी सुरक्षित तरीकाले जिम्मा लगाउने,

- नजिकको स्वास्थ चौकी, अस्पताल वा चिकित्सकसँग सम्पर्क गरी उनीहरुको सल्लाह अनुसार उपचार गर्ने गराउने,
- ज्वरो र रुघा-खोकी लागेका विद्यार्थी र तीनका परिवारका अन्य व्यक्तिहरुलाई घरमा सुरक्षित तवरले अलग्गै ठाँउ (Isolation)मा राख्ने ।

४. स्थिति सहज नभएसम्म अभिभावक भेला, वार्षिकोत्सव, साँस्कृतिक कार्यक्रम जस्ता समारोह आयोजना नगर्ने ।

५. सामूहिक पिकनिक वा शैक्षिक भ्रमण जस्ता कार्यक्रम स्थगन गर्ने ।

५. <u>शिक्षण संस्थाहरुबीच सूचनाको नेटवर्क गर्ने:</u>

- आधिकारिक सूचना एकै ठाउँबाट प्रवाह गर्ने व्यवस्था गर्न विद्यालय/शिक्षण संस्थामा फोकल पोईन्ट तोक्ने,
- अनावश्यक हल्लाले विद्यार्थीहरुलाइ त्रसित बनाउन सक्नेतर्फ सचेत तुल्याउने,
- संक्रमण भएमा स्वास्थ्य सेवा लिने तरिका एवम् एकान्त/अलग्गै राख्ने र फैलन नदिने विधिबारे जानकारी दिने,
- सरकारी आधिकारिक निकायबाट आउने सूचना सवैमा प्रवाह गर्ने व्यवस्था प्रभावकारी पार्ने,

**थप जानकारीका लागि शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्डका वेबसाइट हेर्ने, ति निकायहरुमा रहेको सम्पर्क डेस्कहरुवाट थप सूचना वा जानकारी लिने र सोही बमोजिम सूचना एवम् जानकारीहरु सम्प्रेषण गर्ने गराउने व्यवस्था मिलाउने ।**

मिति: २०७६।११।२१